सन् 2022 जुनसम्मका

भूकम्प हजार्ड म्याप Mizuho वार्ड

0 500 1,000m
1:10,000

N

भूकम्प हजार्ड म्यापको व्याख्या

- यो म्याप, यस नगरले सन् 2014 फेब्रुअरीमा सार्वजनिक गरेको Nankai Troughमा उत्पन्न हुने भूकम्पको क्षतिको अनुमानमा आधारित, नगर भित्रको हरेक स्थानमा अनुमान गरिएको भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो) या तरलीकरणको सम्भावना आदि देखाइएको नक्सा हो।
- Nankai Troughमा एक हजार वर्षमा एक पटक अथवा उत्पन्न हुने आवृत्ति त्यस भन्दा पनि न्यून हुने तर मानौँ उत्पन्न भइहाल्यो भने विशाल क्षति निम्त्याउने भूकम्प स्वरूप "अनेकौँ सम्भावनालाई मध्यनजर गरिएको अधिकतम स्तर" को भूकम्प भनी अनुमान गरिएको छ।

तोकिएको आकस्मिक सुरक्षित स्थान तर्फ जाने

Nagoya City विपद् प्रतिनियन्त्रण मुख्यालय/Mizuho वार्ड मुख्यालय (Mizuho Ward Office)
TEL/841-1521 (मेइन-लाइन)
852-9212～7 (डाइल-इन)
FAX/851-3317

सरकारी तथा सार्वजनिक कार्यालय (☐ छाप)

- A Mizuho वडा कार्यालय
- B Mizuho दमकल स्टेशन
- C Mizuho दमकल स्टेशन Horita शाखा कार्यालय
- D विशेष फायर ब्रिगेड चौथो सेना
- E Mizuho सिभिल इन्जिनियरिङ कार्यालय
- F वाटरवर्क ब्यूरो Mizuho व्यापार कार्यालय

नोट:

- **तोकिएको आकस्मिक सुरक्षित स्थान (भूकम्पको कम्पन, ठूलो स्तरको आगलागी) [वृहत्तर सुरक्षित स्थान]**
  भूकम्प/ठूलो स्तरको आगलागी हुँदाको लागि तोकिएको आकस्मिक सुरक्षित स्थान हो र, ठूलो आगलागीबाट सुरक्षित स्थानमा आएका व्यक्तिहरूलाई जोगाउनको लागि चाहिने खुल्ला ठाउँ भएको पार्क/हरित क्षेत्र आदि।
- **तोकिएको आकस्मिक सुरक्षित स्थान (भूकम्पको कम्पन) [क्षणिक सुरक्षित स्थान]**
  भूकम्पको तोकिएको आकस्मिक सुरक्षित स्थान भएर, क्षणिक रूपमा सुरक्षित स्थानमा गएर अवस्था बुझ्ने ठाउँ।
- **आकस्मिक पानी आपूर्ति सुविधास्थल (पानी आपूर्ति स्थायी टुटी/पानी आपूर्ति अस्थायी टुटी)**
  वृहत्तर सुरक्षित स्थानहरूमा व्यवस्था गरिएको हुन्छ र, विपद् आइपरेको बेलामा खानेपानी तथा ढलमार्ग ब्यूरोका कर्मचारी वा सहायता सम्झौता गरेका निजी व्यवसायीहरूले सुचारु गर्ने सुविधास्थल हो।
- **आकस्मिक पानी आपूर्ति सुविधास्थल (अन्डरग्राउण्ड पानी आपूर्ति टुटी)**
  पानी आपूर्ति क्षेत्र भित्र पर्ने सबै सार्वजनिक प्राथमिक तथा माध्यमिक विद्यालयहरूमा व्यवस्था गरिएको हुन्छ र विपद् आइपरेको बेलामा सुरक्षित स्थानमा आएका व्यक्तिहरू आफैँले चलाएर पानी सुनिश्चित गर्न मिल्ने सुविधास्थल।
- **विपद्मा आकस्मिक प्रयोगका निमित्तको इनार (कार्यस्थल)**
  महाभूकम्प आउँदा दैनिक जीवनयापनमा प्रयोग हुने पानी (पिउने पानी होइन) सुनिश्चित गर्ने उद्देश्य स्वरूप, कार्यस्थल, कारखाना आदिको स्वामित्वमा रहेको इनारहरू मध्ये विपद्को बेलामा स्थानीय बासिन्दालाई उपलब्ध गराउन सकिने इनार।
- **पहिरो विपद् (विशेष) सतर्कता अपनाउनु पर्ने क्षेत्र**
  पहिरो विपद् उत्पन्न हुने डर भएको क्षेत्र।
- इलाकाको सिमाना (कुजाकाइ)
- विद्यालय इलाकाको सिमाना (विद्यालय इलाकाको सिमाना लगभग हो। विस्तृत विवरणको लागि, हरेक वार्डपालिकामा सोधपुछ गर्नुहोस्।)

*अन्य वार्डको तोकिएको आकस्मिक सुरक्षित स्थान तर्फ जाने वा नजाने भनेर हरेक वार्डको हरेक किसिमको हजार्ड म्याप हेर्नुहोस्। Nagoya Cityको आधिकारिक वेबसाइटमा सम्पूर्ण वार्डहरूको हजार्ड म्याप सार्वजनिक गरिएको छ।

तोकिएको आकस्मिक सुरक्षित स्थान (भूकम्पको कम्पन, ठूलो स्तरको आगलागी) [वृहत्तर सुरक्षित स्थान]

किगोउ-नम्बर	सुविधास्थलको नाम	तोकिएको आकस्मिक सुरक्षित स्थान: भूकम्पको कम्पन	तोकिएको आकस्मिक सुरक्षित स्थान: ठूलो स्तरको आगलागी
A	Mizuho पार्क	○	○
B	Yatomi पार्क	○	○
C	Nagoya City विश्वविद्यालय फार्मेसी संकाय	○	○
D	प्रिफेक्चरल Zuiryo हाई स्कूल वरपर	○	○
E	Tempakugawa हरित स्थान	○	○
नगरपालिका स्थापित प्राथमिक विद्यालय/माध्यमिक विद्यालय/केही उच्च माध्यमिक तहको विद्यालयहरूको ग्राउण्ड (Zuiryo High School, Showa High School) * वृहत्तर सुरक्षित स्थान भित्र पर्ने सुविधास्थलले ठूलो स्तरको आगलागीमा पनि सेवा प्रदान गर्न सक्ने		○	×

विपद्मा आकस्मिक प्रयोगका निमित्तको इनार (कार्यस्थल)

किगोउ-नम्बर	सुविधास्थलको नाम
1	NGK SPARK PLUG CO.,LTD Nagoya कारखाना
2	FUJI BAKING GROUP Co.,Ltd.
3	Kotobuki Kakoki Co.,Ltd.
4	Komeda Co.,LTD.
5	Zenshin Temple
6	Kawasumiyu



यो नक्सामा सन् 2015/16 मा रचना गरिएको सहरी विकास योजना आधारभूत नक्सा प्रयोग गरिएको छ। पुनश्च, आवश्यकता अनुसार रचना पश्चात् अवस्थालाई संशोधन गरिएको छ।

पहिरो विपद् जानकारी म्याप, Aichi Prefecture, क्रियटिभ कमन्स लाइसेन्स डिस्प्ले 2.1 जापान (http://creativecommons.org/licenses/by/2.1/jp/)

भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो)

0 500 1,000m
1:20,000

N



भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो)को व्याख्या

भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो)	अवस्था
7	कम्पनले यता-उता पारेर, बामे नसरी चल्न सकिँदैन। खडा रहन नसकी हुत्याइदिने पनि हुनसक्छ।
6+	
6-	खडा रहन नै कठिन हुन्छ।
5+	कुनै वस्तुमा समाएन भने धेरै जस्तो व्यक्ति हिँड्न नसक्ने आदि, जुनैपनि क्रियाकलाप गर्न बाधा भएको महसुस गर्छन्।
5-	धेरै जस्तो व्यक्तिहरू डराएर कुनै न कुनै वस्तुमा समाउन चाहन्छन्।

तरलीकरण

0 500 1,000m
1:20,000

N



तरलीकरणको सम्भावनाको व्याख्या

तरलीकरणको सम्भावना	अवस्था
ठूलो	तरलीकरणको सम्भावना उच्च।
मध्यम	तरलीकरणको सम्भावना छ।
न्यून	तरलीकरणको सम्भावना न्यून।
छैन	तरलीकरणको सम्भावना अत्यन्त न्यून।

*तरलीकरण सम्बन्धमा, उत्पन्न हुने सम्भावना या उत्पन्न हुने क्षेत्रफल अनुमान गर्न गाह्रो हुने भएकोले, सम्भावनामा व्यक्त गरिएको छ।